# पूर्वखोलाको सेरोफेरो

## स्थानीय पाठ्यक्रम

## आधारभूत तह कक्षा १-५

२०७७



पूर्वखोला गाउँपालिका, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

## हाम्रो भनाइ

शिक्षण प्रकृया तथा सिकाइ योजनाको मूल आधार नै पाठ्यक्रम हो । यसैको आधारमा सम्पूर्ण शैक्षिक क्रियाकलापहरू संचालन हुने गर्दछ । यसरी तयार हुने पाठ्यक्रम स्थानीयतामा आधारित हुनु अत्यावश्यक हुन्छ । संघीय साशसन व्यवस्थामा यसको महत्व अझै बढी रहेको अवस्था छ । यसर्थ नेपाल सरकार द्वारा जारी प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ( परिमार्जित २०६५ ) तथा आधारभूत तह ( कक्षा ६-८ ) पाठ्यक्रम, २०६९ तथा स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६४ र स्थानीय पाठ्यक्रम प्रारूप, २०७१ अनुसार प्राथमिक तथा आधारभूत तह (कक्षा १–८) मा अध्यापन हुने विषयहरू मध्य एक बिषय स्थानीय आवश्यकता अनुकुलनको विषयमा पाठ्यक्रम निर्माण गरी लागु गर्ने जिम्मेवारी स्थानीय तहलाई दिइएको छ । यसै व्यवस्था भए अनुसार नेपालको संविधान,२०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले दिएको अधिकारको दायरामा रही यो पाठ्यक्रम तयार गरिएको हो ।यो पाठ्यक्रममा आवश्यक विषयबस्तु पहिचान तथा छनौट गरी स्थानीय परिवेश अनुकूलन पाठ्क्रम निर्माण गर्न पूर्वखोला गाउँपालिका द्वारा तीन सदस्यीय स्थानीय पाठ्यक्रम निर्माण समिति गठन भएको थियो । सोही समितिको सक्रियतामा गाउँ पालिका भित्रका सम्पूर्ण बिद्यालयका प्रानाध्यापक, स्थानीय शिक्षा सरोकारित व्यक्तित्वहरूसंगको छलफल एवं राय सल्लाह बमोजिम छनौट भएका बिषय बस्तुलाई समेटी यो पाठ्यक्रम तयार गरिएको छ ।

सुचाना प्रबिधिको बिश्वव्यापीकरणका कारण संसार एक गाउँको रूपमा विकास भइरहेको यस सन्दर्भमा स्थानीय बिषय बस्तुहरूको पाठ्यक्रम तयार गरी अध्ययन गर्नु एक चुनौती पूर्ण कार्य हुन सक्दछ । तथापी  विश्वव्यापीकरणसंगै भुल्दै गइरहेको स्थानीय चाड पर्ब, रहनसहन, रीतिरिवाज, भाषा तथा कला संस्कृति, धार्मिक तथा पुरातात्विक महत्वका स्थलहरू, प्राकृतिक स्रोत साधनहरू जस्ता हाम्रा मौलिकताहरू नयाँ पुस्तालाई हस्तान्तरण नगर्ने हो भने निकट भविश्यमा लोप हुने खतरामा रहेको छ । यसै सन्दर्भलाई दृष्टिगत गरी यो पाठ्क्रम तयार गरिएको छ ।

यसमा शिक्षण सिकाइ क्रियाकलापहरूलाई सहयोग गर्ने दृष्टिकोणले  बिषय क्षेत्र, सक्षमता, सिकाई उपलब्धि, विषयबस्तुको बिस्तृतीकरण, सम्भाबित शिक्षण सिकाइ क्रियाकलाप, सम्भाबित मूल्याङ्कन प्रक्रिया तथा पाठ्यभार समेतलाई समाबेश गरिएको छ । कुनै पनि पाठ्यक्रम आफैमा पूर्ण हुँदैन । यसको कार्यान्वयनसंगै हुने सिकाइ समय सापेक्ष परिमार्जन गर्दै जानु पर्ने हुन्छ । यस सन्दर्भमा पूर्वखोला गाउँपालिका स्थानीय पाठ्यक्रम निर्माण समिति सम्बन्धित सबै पक्षबाट रचनात्मक सल्लाह तथा सुझावहरूको अपेक्षा गर्दछ ।

पूर्वखोला गाउँपालिका
स्थानीय पाठ्यक्रम निर्माण समिति

## पूर्वखोलाको पृष्ठभूमि

नेपालको मानचित्रमा २७० २४' उत्तरी अक्षांस देखि २७० ५७' सम्म र ८३० १५' पूर्वी देशान्तर देखि ८४० ३२' सम्म फैलिएको यस पूर्वखोला गाउँपालिका संघीय नेपालको लुम्बिनी प्रदेश अन्तरगत पाल्पा जिल्लाको पूर्वी भागमा पर्दछ । यसको क्षेत्रफल १३८.०५ बर्ग कि.मि. छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकामा जम्मा घरधुरी संख्या ४२५१ र जनसंख्या १९५८९ रहेको छ । पूर्वखोला गाउँपालिकामा जम्मा ६ वडा रहेका छन् । यस गाउँपालिकामा साविकको सिलुवा, जल्पा, रिङनेरह, देवीनगर, बिरकोट र हेक्लाङ (१.–८) गा.बि.स. पर्दछन् । यसको पूर्वमा रामपुर नगरपालिका र निस्दी गाउँपालिका पर्दछ त्यस्तै पश्चिममा माथागढी गाउँपालिका र रम्भा गाउँपालिका पर्दछ । उत्तरमा रामपुर नगरपालिका र रम्भा गाउँपालिका पर्दछ । दक्षिणमा माथागढी गाउँपालिका र निस्दी गाउँपालिका पर्दछ । लुम्बिनी प्रदेशको केन्द्र बुटवल देखि अनुमानित ६९ कि.मि. र जिल्ला सदरमुकाम तानसेन देखि करिब ३० कि.मि. पूर्वमा पर्दछ । भौगोलिक हिसावले प्राय डाँडा काँडा, भिर पखेरा भएको भूभाग वढी छ भने, केही भुभाग सम्म परेका खोच तथा उब्जाउ भूमि (फाँट) समेत रहेका छन् । यस भेगमा मिस्रित समुदायको वस्ती रहेता पनि मगर समुदायको वाहुल्यता रहेको छ ।

मुख्य गरेर कृषि थलोको रूपमा परिचित यो गाउँपालिकामा थुप्रै कृषिका सम्भावनाहरू रहेका छन् ।बाह्रैमहिना बहने पानीका स्रोतहरू रहेका छन् । जसको कारण धान, मकै,कोदो,फापर जस्ता अन्नबाली,मौसमी र बेमौसमी तरकारीहरू उत्पादन हुन्छन् भने उचाईका बस्ती पाखाहरूमा अदुवा, बेसार, तोरी जस्ता नगदेबाली र सुन्तला, कागती,जुनार, अमिलो, काफल जस्ता फलफूलहरू उत्पादन हुने गर्दछ । २५०० फिट भन्दा अग्ला लेक पहाडले घेरिएको यो गाउँपालिकामा हट्चुर,सिकारीलहरो, पाखनबेत, गाईखुरे जस्ता जडीबुटी तथा बनौषधिहरू पाइन्छन् भने बाघ, भालु,घोरल, मृग, कालिस,तित्रो जस्ता जनावर तथा पँक्षीहरूको बासस्थान रहेको छ । खुला बन पाखाहरू,बर्षे र हिउदे घाँस बुटाहरू प्रसस्त मात्रामा पाईने यो पालिकामा भैंसी,गाई, गोरू,बाखा बँगुर, कुखुरा जस्ता चौपाया र दोपाया पाल्ने गरिन्छ ।धरातलीय हिसाबले समुद्र सतहबाट ८६० देखि १४०० मीटर चाई सम्म रहेकोयो गाँउपालिकामा मगर,ब्राह्मण,नेवारक्षेत्री, दमै,कामी,सार्की जातिको बसोबास रहेको छ । नेपाल बहुजाती,बहुभाषी र बहुधार्मिक मुलुक हो । यहाँको भौगोलिक, सामाजिक,साँस्कृतिक र धार्मिक बिबिधताले गर्दा केन्द्र सरकारले तर्जुमा गरेको पाठ्यक्रमले नेपालको सबै ठाउँहरूमा सो ठाँउको सबै आबस्यकतालाई सम्बोधन गर्न सक्दैन। यो समस्यासँग हाम्रो पूर्वखोला गाँउपालिका पनि गुज्रिरहेको महसुस हुन्छ। यो गाँउपालिकामा रहेका भौगोलिक,धार्मिक,साँस्कृतिक,पर्यटकीय तथा पर्यावरणीय सम्पदाहरूलाई हाम्रा स्थानीय बिद्यार्थीहरूले बुझेका हुदैनन्। यही समस्यालाई मध्यनजर गर्दै केन्द्र सरकारले स्थानीय सरकारको सँरचनापछि १०० पाठ्यभारको पाठ्यक्रम निर्माण गर्ने जिम्मा स्थानीय सरकारलाई नै दिएको छ । यही अबसरलाई सदुपयोग गर्दैं पूर्वखोला गाँउपालिका शिक्षा समितिको अगुवाइमा पहिलो चरणमा १– ५ कक्षामा लागु गर्ने गरी यो स्थानीय पाठ्यक्रम तयार गरिएको हो ।

यस पालिकामा २३ प्राथमिक, ८ निम्नमाध्यमिक र ७ माध्यमिक विद्यालयहरू गरी जम्मा ३.८ वटा विद्यालयहर छन्।जस मध्य वडा नं.१ मा ९ वटा , वडा नं.२ मा ५ वटा, वडा नं.३ मा ४ वटा, वडा नं.

४ मा ७ वटा, वडा नं. ५ मा ८ वटा र वडा नं.६ मा ५ वटा छन्। यो पाठ्यक्रम तयार गर्दा प्रत्येक वडामा रहेका सबै विद्यालयका प्र.अ., विद्यार्थी, बिद्यालय ब्यबस्थापन समिति र सरोकारवालाहरूको भेला गराई उहाँहरूबाटै आएका सुझाव सल्लाह, गाँउपालिका भित्र रहेका शिक्षा प्रेमी, शिक्षाबिद्, जनप्रतिनिधि, कर्मचारीहरूको सुझाब सल्लाह र सहयोगबाट तयार गरिएको हो ।

# विषय सूची


| | पेज नं. |
|---|---|
| १. परिचय | १ |
| २. स्थानीय पाठ्यक्रमको नीतिगत व्यवस्था | १ |
| ३. स्थानीय पाठ्यक्रमको आवश्यकता र महत्व | ३ |
| ४. स्थानीय पाठ्यक्रमका प्रमुख उद्देश्यहरू | ४ |
| ५. स्थानीय पाठ्यक्रमका तहगत उद्देश्यहरू | ४ |
| ६. स्थानीय पाठ्यक्रम निर्माणमा अवलम्बन गरिएका प्रक्रिया | ४ |
| ७. छनौट भएका विषय क्षेत्रहरू | ६ |
| ८. पाठ्यक्रमका सीमाहरू | ७ |
| ९. विषय वस्तुको क्षेत्र र क्रम | ८ |
| १०. विषयवस्तुको विस्तृतीकरण | १२ |
| ११. मूल्यांकन प्रक्रिया | २९ |
| १२. अनुसूची | |

## १. परिचय

भौगोलिक, प्राकृतिक, धार्मिक साँस्कृतिक, जातजातीय, भाषाभाषीमा भएको विविधता नै हाम्रो देश नेपालका प्रमुख विशेषता हुन् ।सानो देशमा पनि सबै ठाउँमा पाइने हावा पानी तथा अन्य विविधताहरू पाइनु यहाँको सौन्दर्यता र सौभाग्य हो । समयको परिवर्तन संगै आजको प्रतिस्पर्धात्मक युगमा विद्यार्थीहरूले विश्व परिवेशसँगै स्थानीय परिवेश, रहनसहन समेत बुझेर त्यसको संरक्षण, संवर्धन र प्रवर्धन गर्दै आगामी दिनमा स्थानीय विषयवस्तुलाई अन्तराष्ट्रिय परिवेश सम्म पुऱ्याइ त्यसबाट आर्थिक क्रियाकलापहरू समेत संचालन गर्न सक्नु पर्दछ । स्थानीय परिवेशमा विद्यालयमा स्थानीय आवश्यकताका विषयवस्तुहरू समेटी पाठ्यक्रम नै तयार पारेर पठनपाठन गराउन सकेमा त्यसबाट बढी भन्दा बढी स्थानीय विषयहरूलाइ राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशमा पऱ्याउन सकिन्छ । यसैले विद्यालय तहमा केन्द्रबाट तयार गरी वितरित पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई आवश्यक ज्ञान, सीप र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न सक्दैन भन्ने यथार्थता अनुरूप स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो ।स्थानीय स्तरका विषयवस्तुहरू समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने अभिप्रायले तयार गरिएको शैक्षणिक सामग्रीलाई नै स्थानीय पाठ्यवक्रम भनिन्छ । यसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुहरूलाई समेट्छ र तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रम अनुरूप कक्षाकोठा सम्म पुऱ्याउँछ । यसमा स्थानीय स्तरका भौगोलिक, वातावरणीय, प्राकृतिक, साँस्कृतिक, भाषिक एवम् ऐतिहासिक विषयवस्तुका साथै पेसा, व्यवसाय र विपद्व्यवस्थापन, स्थानीय खेलकुद आदिसँग सम्बन्धित विषयवस्तुहरू समावेश गर्न सकिन्छ।

## २. स्थानीय पाठ्यक्रमको नीतिगत व्यवस्था

नेपाल एउटा विविधताले भरिपूर्ण मुलुक हो।भौगोलिक, धार्मिक, जातिय, साँस्कृतिक,भाषिक विविधता नै यस राष्ट्रको गौरव हो।यस्तो विविधता भएको राष्ट्रमा समाजको आवश्यकता र चाहना फरक फरकछन् ।यस्ता फरक फरक चाहाना तथा आवश्यकता पुरा गर्न देश व्यापि एउटै पाठ्यपुस्तक प्रयोग गर्दा सबै क्षेत्रहरू समेटिन असम्भव देखिएकाले नेपाल जस्तो देशमा स्थानीय पाठ्यक्रमको औचित्य बढदै गएको देखिन्छ।यसलाई प्राथमिक शिक्षा पाठ्यक्रम २०६२/२०६५, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३, स्थानीय पाठ्यक्रम पाठ्यक्रम निर्माण तथा कार्यान्वयन निर्देशिका २०६४ ले समेत पुष्ट्याइँ गरेको पाइन्छ।यसै सन्दर्भमा स्थानीय पाठ्यक्रम प्रारूप, २०७१ समेत प्रकाशन भई कार्यान्वयनमा आइसकेको अवस्थाले यसको महत्व प्रमाणित भएको छ।नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा प्रत्यायोजन गरिसकेकाले स्थानीय तहको आवश्यकता अनुसार पाठ्यक्रम तयार गरी कार्यान्वयन गर्नु स्थानीय तहको जिम्मेवारी देखिन्छ।

स्थानीय आवश्यकताका विषयवस्तु त्यहींका नागरिकको अपनत्व हुने गरी सरोकारवालाले स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी विकास गर्ने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । यसमा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु हुनु पर्दछ ।जसले स्थानीय ज्ञानको प्रस्फुटन गर्नुका

साथै नवीनतम ज्ञान र सिपको मार्ग दर्शन पहिल्याउन सहयोग गर्दछ । स्थानीयस्तरमा रहेका मूल्य, मान्यता, कला संस्कृतिको संरक्षण र सम्वर्धन गर्दै आगामी पुस्तामा हस्तान्तरण गर्नुको साथै यहाँरहेका महत्वपूर्ण विषयकस्तुहरू राष्ट्रिय तथा हन्तराष्ट्रिय परिवेशमा पुऱ्याउन सहयोग गर्दछ । स्थानीय पाठ्यक्रमका नाममा कम्प्युटर र अंग्रेजी विषयमा शिक्षण गरेको अवस्था छ । यि विषयहरू विश्वव्यापि भएकाले अनिवार्य तथा ऐच्छिक विषयकारूपमा विद्यार्थीले अध्ययन गर्ने हुँदा स्थानीय आवश्यकतामा आधारित विषयवस्तुहरू समेटी स्थानीय सरकारले पाठ्यक्रम विकास गरी कम्तिमा आगामी शैक्षिक सत्रबाटै स्थानीय सरकारले लागु गर्नु टड्कारो आवश्यकता हो ।

स्थानीय पाठ्यक्रम निर्माण गर्दा भावी जनशक्ति कस्तो बनाउने भन्ने मूल मुद्दा भएकोले आगामी दिनमा आफ्ना बालबच्चालाई आफ्नो स्थानमा भएका के कस्ता विषयवस्तु जीवन्त रूपमा हस्तान्तरण गर्न सकिन्छ भन्ने विषय महत्वपूर्ण हो ।त्यसैले राज्यले बनाएको नीति तथा नियमको दायरामा रही स्थानीय तहले सबै सरोकारवाला, विज्ञ, शिक्षक, विद्यार्थी, समुदायको अपनत्वमा स्थानीय पाठ्यक्रम विकास गरन् सके आगामी दिनहरूमा प्रत्येक विद्यार्थीले आफू र आफ्नोसमुदाय प्रति पाठ्यक्रमको माध्यमबाट अझ चिरपरिचत हुने अवसर पाउनेछन। यसरी स्थानीय पाठ्यक्रम शैक्षिक विकेन्द्रीकरणको महत्वपूर्ण खुड्किलाका रूपमा रहनेछ ।

नेपालको संविधानको शिक्षा भाषा तथा संस्कृति सम्बन्धी हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच, मातृभाषामा शिक्षा पाउने तथा मातृभाषा प्रयोग गर्ने, सांस्कृतिक जीवनमा सहभागी हुने, भाषा, लिपी, सांस्कृतिकसभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने कुरा उल्लेख गरिएको छ ।विद्यालय तह सम्मको शिक्षाको अधिकार स्थानीय सरकार मातहत ब्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रबर्धन र स्तरीकरण गर्ने अधिकार उल्लेख गरेको छ ।यसै गरी विभिन्न समयमा निर्मित शैक्षिक कार्यक्रमहरूले पनि स्थानीय पाठ्यक्रम निर्माणमा जोड दिइएको पाइन्छ जस्तै २००३–२००८ सम्म सञ्चालित सबैका लागि शिक्षा र माध्यमिक शिक्षा सहयोगकायक्रमले दश देखि पन्ध्र प्रतिशत सम्म स्थानीय पाठ्यक्रममा जोड दिएको थियो। विद्यालय क्षेत्र सुधार तथा विद्यालय क्षेत्र विकास कार्यक्रमले स्थानीय पाठ्यक्रम विकास र सुधारमा जोड दिएको छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम २०६० को दीर्घकालीन सोचमा स्थानीय सिप, व्यवसाय, पेसा, स्रोतसाधनको महत्व र आवश्यकता पहिचान गरी विकास गर्न पाठ्यक्रममा स्थानीय विषयवस्तुलाई स्थान दिने उल्लेख गरिएको छ । प्राथमिकतहमा मातृभाषाको पठनपाठन गराउन नसकिने विद्यालयहरूमा स्थानीय तहका लागि उपयोगी पेसा, व्यवसाय, सिप र प्राविधिक विषयहरू जस्तो माटोको काम, धातु, काठ, ऊन, राडीपाखी, चोयाको काम, कागजको काम, करेसाबारी, फलफूल, तरकारी खेतीआदि स्थानीय विषय छनौट गरी पठनपाठन गराउन सकिने र कक्षा १-५ मा सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयको २० प्रतिशत पाठ्यभारको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालय आफैंले निर्माण गर्न सक्नेछ भनी उल्लेखगरिएको छ ।

वर्तमान अवस्थामा स्थानीय विषय वा संस्कृत कक्षा १देखि ३ सम्म ४ पाठ्यभार, कक्षा ४ र ५ मा ४ पाठ्यभार र कक्षा ६–८ मा मातृभाषा वा स्थानीयविषय वा संस्कृत वा अन्य विषय ५ पाठ्यभार सहितको १०० पूर्णाङ्क रहेको छ ।यसरी नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार प्रयोग गरी आफ्नो स्थानीय तह अनुकूल पाठ्यक्रम बनाउने अधिकार हामीमा रहेको हुँदा कक्षा १– ५ सम्मको यो स्थानीय पाठ्यक्रम शैक्षिक सत्र २०७८ देखि लागु गरिनेछ।

## ३. स्थानीय पाठ्यक्रमको आवश्यकता र महत्व

### आवश्यकता

- आफू बसोबास गरेको ठाउँको धरातलीय, सामाजिक, आर्थिक, सांस्कृतिक ज्ञान सहज तवरले औपचारिक रूपमा पुस्तान्तरण गर्न सकिने,
- स्थानीयस्तरमा भएका कला, संस्कृति, सिप र प्रविधिहरूलाई अन्यत्र फैलाउन सकिने,
- विद्यार्थीमा सूक्ष्म विषयवस्तुहरूको खोज तथा अनुसन्धान गर्ने बानीको विकास गर्न सकिने,
- स्थानीय जनचासोका विषयवस्तुहरू सम्बन्धी जानकारी लिई संस्थागत गर्न सकिने,
- स्थानीय पेसा, व्यावसाय र प्रविधिको प्रवर्धन र संरक्षण गर्न सकिने,
- स्थानीय व्यक्तिहरूमा क्षमताको विकास भई स्थानीय स्रोत र साधन माथि अपनत्वको भावना बढ्ने आदि ।

### महत्व

- शैक्षिक विकेन्द्रीकरणको अवधारणा अनुसार अधिकार स्थानीय तहमा हस्तान्तरण गर्न,
- विभिन्न तहमा समितिहरू बनी स्थानीय पाठ्यक्रम कार्यन्वयनमा सहजता गर्न,
- समाज अनुकूल विषयवस्तुलाई पाठ्यक्रम मार्फत शिक्षण गर्न,
- व्यक्ति, समाज तथा स्थानीय समुदायको आवश्यकता परिपूर्ति गर्न,
- स्थानीय परिवेश अनुसार सञ्चालन भएका चाडपर्व, धर्म संस्कृति, जातजाति, रीतिरिवाज, कलाकौशल, स्थानीय उद्योग, प्राकृतिक स्रोत साधन, कृषि, पर्यटन, पुरातात्विक तथा धार्मिक स्थान, जडीबुटी, आयआर्जनकाक्षेत्रहरूको अधिकतम उपयोग गर्न,
- स्थानीय सरोकारवालाहरूको सक्षमता अभिवृद्धि गर्न,
- समुदाय र विद्यालयबीचको घनिष्ठता कायम गर्न,
- स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्न,
- केन्द्रीय पाठ्यक्रमममा नसमेटिएका विषयवस्तु समेटी शिक्षण गर्न,
- स्थानीय विषयवस्तुलाई प्राथमिकता दिई स्वाबलम्बी र आत्म निर्भर बनाउन,
- स्थानीय सिप व्यावहारिक शिक्षाको माध्यमबाट मात्र व्यक्ति र समाजमा परिवर्तन ल्याउन,

- स्थानीय आवश्यकतालाई समेट्नका लागि स्थानीय पाठ्यक्रम निर्माण रकार्यान्वयनमा स्थानीय सरोकारवालाहरूलाई संलग्न गराई शिक्षामा आवश्यक सुधारगर्न ।

## ४ स्थानीय पाठ्यक्रमका प्रमुख उद्धेश्यहरू

(१) स्थानीय परिवेश अनुसार संचालन हुदै आएका चाड पर्व, रीतिरिवाज, कला तथा धर्म संस्कृति संरक्षण एवंम प्रबर्धनमा सहयोग गर्दै आगामी पुस्तालाई हस्तान्तरण गर्न सहयोग पुऱ्याउने ।
(२) विद्यार्थीहरूमा स्थानीय धरातलीय समाज अनुकुलन सामाजिक आर्थीक बिषयबस्तुहरू पाठ्यक्रमको माध्ययमबाट शिक्षण गर्दै सूक्ष्म खोज अनुसंन्धान गर्ने बानीको विकास गराउने ।
(३) स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्दै विद्यालय र समुदाय बिचको घनिष्ठता कायम गर्ने ।
(४) केन्द्रीय पाठ्क्रममा नसमेटिएका स्थानीय बिषयबस्तु शिक्षण गर्दै स्वाबलम्बी र आत्म निर्भर समाज निर्माणमा सहयोग पुऱ्याउने ।
(५) स्थानीय रूपमा लुकेर रहेका धार्मिक तथा पुरातात्विक महत्वका स्थलहरू, प्राकृतिक स्रोत, साधनहरूको पहिचान गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशमा उजागर गर्न सहयोग गर्ने ।
(६) श्रम प्रति सम्मान तथा काम प्रति लगावको भावना जागृत गराई बिद्यमान गरिवी बेरोजगारीको अन्त गर्न स्थानीय स्रोत साधन तथा सिप एवं अन्य आयआर्जनका सम्भाव्यताका क्षेत्रहरूको खोजी गर्न अभिप्रेरित गर्ने ।

## ५ स्थानीय पाठ्यक्रमका तहगत उद्धेश्यहरू

**कक्षा १-५**

१.यस क्षेत्रमा रहेका पहाड, खोला, नदी, ताल, खनिज पदार्थ आदिको पहिचान र परिचय,
२.यस क्षेत्रमा रहेका प्रचलित चाडपर्व, धर्म, संस्कृतिको पहिचान,
३.गाउँपालिकाको संरचना र यसको काम, कर्तव्य, अधिकारको बोध,
४. स्थानीय स्तरका महत्वपूर्ण पर्यटकिय स्थलको पहिचान,
५. स्थानीय रूपमा सञ्चालन हुन सक्ने स्थानीय पेसा, व्यवसाय र रोजगारीका क्रियाकलापको पहिचान,
६. यस स्थानीय तहमा हुन सक्ने प्राकृतिक तथा मानवजन्य विपत्तिको पहिचान र सावधानी,
७. स्थानीय स्तरका कृषि जन्य उत्पादनको पहिचान,
८. स्वस्थकर खाना र असल आचरणको अनुकरण,
९. परम्परागत भाषा र खेलको पहिचान र सिप विकास।

## ६ स्थानीय पाठ्यक्रम निर्माणमा अवलम्बन गरिएको प्रक्रिया

क) प्रा.वि. प्र.अ. संगको छलफल

ख) निमावि र मावि प्र.अ. संगको छलफल

ग) सम्बन्धित वडाका मा.वि. प्र.अ. सहित, वडा अध्यक्ष, प्रत्येक विद्यालयको विव्यस अध्यक्ष, शि.अ.स. अध्यक्ष तथा माध्यमिक तहमा अध्ययनरत ४ जना विद्यार्थी सहितको छलफल प्रत्येक वडामा गरियो।

**छलफलमा गरिएका मुख्य मुख्य कार्यहरू ।**

स्थानीय पाठ्क्रमको यस पालिकाभित्रको आवश्यकता, यसबाट हुने फाइदा तथा हाम्रो पहिचानको विषयमा छलफल गर्दै तपसिलको विषय क्षेत्रमा फरक फरक व्यक्तिको राय लिइ छलफल गराउने तथा महत्व पूर्णविषय वस्तुको संकलन गर्ने गरियो। जस्तै

१ स्थानीय पाठ्यक्रम भनेको के हो?

२ यसको अधिकार कस्मा निहित छ?

३ हाम्रो जनजीवन संग जोडीएको पाठ्यक्रम छ?

४ हामीले निर्माण गर्ने कि नगर्ने?

५ निर्माणमा कस्लाई सहभागी गराउने?

६ विषय वस्तुको छनोट र यसको कार्यन्वयनमा छलफल आवश्यक छ वा छैन?

यसै छलफलको क्रममा तपसिल वमोजिमको नमुना फाराममा सहभागीहरूलाई सम्बन्धित वडामा भएका विषयवस्तुहरू भर्न लगाइयो।

**यस पूर्वखोला गाउँपालिकाको स्थानीय पाठ्यक्रमले समावेश गर्नुपर्ने विषय क्षेत्र र राय लिने समूहले भर्नु पर्ने फाराम**

| क्र.सं. | विषय क्षेत्रहरू | राय लिने समूह | | | |
|---|---|---|---|---|---|
| | | विव्यस अध्यक्ष | शि.अ.स.अध्यक्ष | अभिभावक | विद्यार्थी |
| १. | कृषि | | | | |
| २. | पर्यटन | | | | |
| ३. | उद्योग | | | | |
| ४ | व्यापार | | | | |
| ५ | नैतिक शिक्षा | | | | |
| ६ | पर्यावरण | | | | |
| ७ | कला/संस्कृति | | | | |
| ८ | भाषा/भाषी | | | | |
| ९ | भेष/भुषा | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | नगदे वाली | | | | |
| ११ | प्राकृतिक स्रोत साधन | | | | |
| १२ | रोजगारीको सृजना | | | | |
| १३ | स्वास्थ्य सरसफाइ | | | | |
| १४ | स्थानीय सिप | | | | |
| १५ | स्थानीय खेलकुद | | | | |
| १६ | जडीबुटी | | | | |

यसरी माथिका विषयमा ६ वटै वडामा छलफल गरी स्थानीय पाठ्यक्रमका लागि महत्वपूर्ण विषयहरू छनौट गरियो।

छनौट भएका विषय क्षेत्रहरू

१ भौगोलिक स्थिति
२ हाम्रो समाज र स्थानीय सरकार
३ हाम्रो संस्कृति, भाषा र खेलकुद
४ कृषि र हाम्रो संभावना
५ स्थानीय सीप, प्रविधि र रोजगारी
६ प्राकृतिक स्रोत साधन
७ पर्यटन स्थानीय),धार्मिक, ऐतिहासिक तथा वातावरण
८ स्वास्थ्य तथा हाम्रो आचरण
९ विपद तथा जोखिम व्यवस्थापन

घ) प्राप्त विषय क्षेत्रका आधारमा स्थानीय पाठ्यक्रमको खाका तयार गरियो।

ङ) यसै आधारमा रही प्रत्येक वडाका शिक्षा विद, बुद्धिजिवी, इतिहासकार, विषय विज्ञ, राजनैतिक दलका प्रतिनिधि संगको छलफल छ वटै वडामा सञ्चालन गरी विषय वस्तुमा थप स्पष्टताका लागि छलफल गरियो।

च) छलफल पश्चात् तयार गरिएको स्थानीय पाठ्यक्रम शिक्षा समितिमा पुन प्रस्तुत गरियो।

छ) विज्ञको उपस्थितिमा पाठ्यक्रमको थपघट तथा नमुना पाठ्यक्रम संकलन, अध्ययन तथा विष्लेषण गरियो।

ज) विषवस्तुमा सुधार गरी स्थानीय पाठ्यक्रमको अन्तिम स्वरूप गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकामा प्रस्तुत गरियो।

### ८ पाठ्यक्रमका सीमाहरू

करीव १३८.०५ बर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यो पूर्वखोला गाँउपालिकामा बहुभाषी,बहुधार्मिक तथा बहुसास्कृतिक बिबिधता रहेको छ । यो पालिका भित्र बसोबास गर्ने मानिसहरूमा आफ्नै मातृभाषा,भेषभुषा,रीतिरिवाज, कला सस्कृति तथा थुप्रै रैथाने सीपहरू, घरेलु तथा पारिवारिक ब्यबशाय रहेका छन् । यी सबै लोपुन्मुख भाषाभाषी, कला सस्कृतिलाई जगेर्ना गर्दै उनीहरूलाई आर्थिक,सामाजिक, समस्कृतिक हिसाबले अझ सबल बनाउँदै जाने यो पाठ्यक्रमको मुख्य उद्देश्य रहेको छ । यहाँ डोको,डेला, स्यागु, टोकरी, डोरा,नाम्ला कुचो,कोदालो हँसिया, कपडा सिउने काम आदि प्रमुख ब्यवसाय हुन्। तहगतरूपमा क्रमसः निर्माण र बिकास गर्दै जाने यो स्थानीय पाठ्यक्रमले आफ्नो घर,बिद्यालय, समुदाय, वडा र गाउँपालिकाभित्रका पर्यटकीय, धार्मिक, सास्कृतिक तथा प्राकृतिक सम्पदाको ज्ञान दिलाउने उद्देश्य लिईएको छ ।

यस गाँउपालिका भित्र रहेका र भबिष्यमा गर्न सकिने सम्भाब्य ब्यबशाय सिप तथा उद्यमहरूलाई ब्यबस्थापन, सँरक्षण सम्बर्धन गर्दै मानिसहरूलाई स्वरोजगार र आत्मनिर्भर बनाउदै जाने मुख्य उद्देश्यका साथ प्रथम चरणमा जम्मा नौवटा क्षेत्र निर्धारण गरिएको छ । ती क्षेत्रहरू क्रमसः भौगोलिक स्थिति, हाम्रो समाज र स्थानीय सरकार,हाम्रो सँस्कृति भाषा र खेलकुद,कृषि र हाम्रो सम्भावना,स्थानीय सिप प्रबिधि उद्योग र रोजगारी,प्राकृतिकस्रोत साधन, पर्यटन, स्वास्थ्य तथा हाम्रो आचरण, र बिपद तथा जोखिम ब्यबस्थापन रहेका छन् ।समग्रमा यस पाठ्यक्रमका सीमाहरू देहाय वमोजिम हुनेछन् :-

१. यो पाठ्यक्रममा समावेश हुने विषयवस्तु यस गाउँपालिकाको क्षेत्रमा मात्र सिमित गरिएको छ।
२. यो पाठ्यक्रम पूर्वखोला गाउँपालिकामा मात्र कार्यान्वयन हुनेछ।
३. यो पाठ्यक्रम ५ वर्ष पछिमात्र स्थानीय समय सापेक्ष वनाउन आवश्यक परिमार्जन र परिवर्तन गर्न सकिनेछ।
४. यो पाठ्यक्रम शैक्षिक सत्र २०७८ देखि कार्यान्वयन गरिनेछ।
५. यस पाठ्यक्रमलाई नेपाली तथा अंग्रेजी दुबै माध्यममा शिक्षण गराउन सकिनेछ।
६. शिक्षा सम्बन्धी केन्द्रीय मापदण्ड अनुसार स्थानीय पाठ्यक्रममा हुने परिवर्तनहरू स्वत: स्वीकार्य हुनेछ।

९.स्थानीय पाठ्यक्रम कक्षा (कक्षा १-३) को क्षेत्र र क्रम, विषयवस्तु र पाठ्यभार

| क्र. सं. | क्षेत्र र क्रम | विषयवस्तु | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | भौगोलिक स्थिति | *जनसंख्या,उचाई,क्षेत्रफल,मुख्यबाटो,दूरी, हावा पानी, धरातलीय स्थिति,नक्शा* | १२ |
| २ | हाम्रो समाज र स्थानीय सरकार | *परिवार,टोल, गाउँ,वडा, , परिवार तथा नाता सम्बन्ध,गाँपालिकाको संरचना सामाजिक व्यक्तित्व र जीवनी* | १९ |
| ३ | हाम्रो सँस्कृति,भाषा र खेलकुद | *चाड - पर्व,कला सँस्कृति-,भेषभुषा-, भाषा,लिपि, मेला - पर्व - जात्रा, गीत संगीत बाजा, उत्सव - महोत्सव खेलकुद* | १९ |
| ४ | कृषि र हाम्रो सम्भावना | बिभिन्न अन्नबालीःगेडागुडी,कन्दमूल,नगदेवाली, फलफूलतथा तरकारी,पशुपन्क्षी तथा वन्यजन्तु | ३६ |
| ५ | स्थानीय सिप,प्रविधि, उद्योग र रोजगारी | *बेतबांस जन्यसामाग्री,पात,पराल र खोस्टा,बाबियो अम्लिसोजन्य,काठ तथाधातु जन्य,धागो, कपास र ऊन जन्य,छाला जन्य,माटोतथा ढुंगा जन्य, पलास्टिक तथा कागज जन्य* | ३४ |
| ६ | (प्राकृतिक स्रोत र साधन) | *खोलानाला,पोखरी,झरना,बनजँगल, जडिबुटी र बन्यजन्तु,खानी, गुफा,ओढार,डाँडा, गडी,टाँकुरा, चुली चुचुरा* | १० |
| ७ | पर्यटन | *(स्थानीय,धार्मिक, ऐतिहासिकतथावातावरण) (मठ, मन्दिर तथामौलाहरू, ऐतिहासिकगुफातथागडी, डाँडा, टाकुरा, वनभोजस्थल तथा भ्यू प्वाईन्टहरू)* | १२ |
| ८ | स्वास्थ्यतथाहाम्रो आचरणः | *व्यक्तिगत सरसफाई, फोहर मैलाव्यवस्थापन, स्वच्छ खानेपानी, शौचालय, स्वस्थकर खाना, आदर सम्मान, मायाममता, मेलमिलापतथाआपसी सहयोग, सिष्ट तथा सभ्यबोली, लागुपदार्थ तथा दुर्व्यसनी, पारिवारिकजिम्मेवारी र उत्तरदायित्व* | ११ |
| ९ | विपद तथा जोखिम व्यवस्थापनः | *बाढी पहिरो, हुरी बतास, आगलागी, चटयाङ् , महामारी असिना, भूकम्प, पारिवारीकजिम्मेवारी र उत्तरदायीत्व* | ७ |
| | *जम्मा* | | १६० |

१०.स्थानीय पाठ्यक्रम कक्षा (कक्षा ४-५) को क्षेत्र र क्रम, विषयवस्तु र वार्षिक कार्यघण्टा

| क्र. सं. | क्षेत्र र क्रम | विषयवस्तु | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | **भौगोलिक स्थिति** | *जनसंख्या, उचाई, क्षेत्रफल, मुख्यबाटो, दूरी, हावा पानी, धरातलीय स्थिति, नक्शा* | ७ |
| २ | **हाम्रो समाज र स्थानीय सरकार** | *परिवार, टोल, गाउँ, वडा, , परिवार तथा नाता सम्बन्ध, गाँपालिकाको संरचना सामाजिक व्यक्तित्व र जीवनी* | १५ |
| ३ | **हाम्रो सँस्कृति, भाषा र खेलकुद** | *चाड - पर्व, कला सँस्कृति-, भेषभुषा-, भाषा, लिपि, मेला - पर्व - जात्रा, गीत संगीत बाजा, उत्सव - महोत्सव खेलकुद* | १५ |
| ४ | **कृषि र हाम्रो सम्भावना** | बिभिन्नअन्नबालीःगेडागुडी, कन्दमूल, नगदेवाली, फलफूल तथा तरकारी, पशुपन्क्षी तथा वन्यजन्तु | ३२ |
| ५ | **स्थानीय सिप, प्रविधि, उद्योग र रोजगारी** | *बेतबांस जन्यसामाग्री, पात, पराल र खोस्टा, बाबियो अम्लिसोजन्य, काठ तथाधातु जन्य, धागो, कपास र ऊन जन्य, छाला जन्य, माटोतथा ढुंगा जन्य, पलास्टिक तथा कागज जन्य* | ३० |
| ६ | **(प्राकृतिक स्रोत र साधन)** | *खोलानाला, पोखरी, झरना, बनजँगल, जडिबुटी र बन्यजन्तु, खानी, गुफा, ओढार, डाँडा, गडी, टाँकुरा, चुली चुचुरा* | ६ |
| ७ | **पर्यटन** | *(स्थानीय, धार्मिक, ऐतिहासिकतथावातावरण) (मठ, मन्दिर तथामौलाहरू, ऐतिहासिकगुफातथागडी, डाँडा, टाकुरा, वनभोजस्थल तथा भ्यू प्वाईन्टहरू)* | १० |
| ८ | **स्वास्थ्यतथाहाम्रो आचरणः** | *व्यक्तिगत सरसफाई, फोहर मैलाव्यवस्थापन, स्वच्छ खानेपानी, शौचालय, स्वस्थकर खाना, आदर सम्मान, मायाममता, मेलमिलापतथाआपसी सहयोग, सिष्ट तथा सभ्यबोली, लागुपदार्थ तथा दुर्व्यसनी, पारिवारिकजिम्मेवारी र उत्तरदायित्व* | ७ |
| ९ | विपद तथा जोखिम व्यवस्थापनः | *बाढी पहिरो, हुरी बतास, आगलागी, चटयाङ्, , महामारी, असिना, भूकम्प, पारिवारीकजिम्मेवारी र उत्तरदायीत्व* | ६ |
| | | *जम्मा* | १२८ |

## ११.विषयवस्तुको क्षेत्र र क्रम

| क्र.स. | विषय क्षेत्र | कक्षा -१ | कक्षा -२ | कक्षा -३ | कक्षा -४ | कक्षा -५ |
|---|---|---|---|---|---|---|
| १. | **भौगोलिक स्थिति**(*जनसंख्या, उचाई, क्षेत्रफल, मुख्य बाटो, दूरी, हावा पानी, धरातलीय स्थिति, नक्शा*) | १.आफू बसेको ठाउँ,टोल र वडाको नाम र ठेगाना २. आफ्नो वरपरकोबाटो तथा गोरेटो घोडेटो बाटोको नाम | १. आफ्नो ठाउँको भौगोलिकअवस्था २.आफ्नो गाउँसंग जोडिएका मुख्य बाटाहरू | १. आफ्नो गाउँपालिकाको धरातलीय स्थिति,आफ्नो परिवार र गाउँको जनसंख्या २. प्रमुख स्थानीय वाटाहरूको नाम र दूरी ३. आफ्नो गाउँको नक्शा | १. आफ्नो वडा तथागाउँपालिकाको जनसंख्या र क्षेत्रफल २. वडाको बाटो र नक्शामा स्थानीय ठाउँहरूको पहिचान | १. आफ्नो वडा र पालिकाको जानकारी २. गाउँपालिकाको हावा, पानी, बाटो र धरातलीय उचाइ ३. पालिकाको नक्शा मुख्यवस्ती र बाटोहरू |
| २. | **हाम्रो समाज र स्थानीय सरकार**(*परिवार, टोल, गाउँ, वडा, , परिवार तथा नाता सम्बन्ध, गाँपालिकाको संरचना सामाजिक व्यक्तित्व रजीवनी*) | १.आफ्नो परिचय, घर, परिवार र हाम्रो विद्यालय। | १.आफ्नो छरछिमेक नाता सम्बन्ध र साइनो | १. आफ्नो गाउँको परिचय २. समुदायको आवश्यकता र महत्व | १. समाजको परिचय २.गाउँपालिकाको परिचय ३.समाजिक तथा प्रबुद्ध व्यक्तित्व | १. समाजको महत्व र आवश्यकता २. गाउँपालिकाको गठन प्रक्रियाकाम कर्तव्य र अधिकार |
| ३. | **हाम्रो सँस्कृति,भाषा र खेलकुद**(*चाड - पर्व, कला - सँस्कृति, भेषभुषा-, भाषा, लिपि, मेला - पर्व - जात्रा, गीत – संगित, बाजा, उत्सव - महोत्सव, खेलकुद*) | १. मुख्य चाडपर्व, मठमन्दिर २. बोलीचालीको भाषा स्थानीय वाजा | १. स्थानीय चाडपर्वहरू २.स्थानीय परम्परागत भाषा र गीत | १. परम्परागत वाजा र स्थानीय खेलकुद २. स्थानीय रहनसहन मेलापात जात्राउत्सव र भेषभुषा | १. स्थानीय भाषा खेलकुद र ऐतिहाँसिक स्थलको परिचय २. पर्व उत्सव जात्रा महोत्सवको महत्व | १. धार्मिक सहिष्णुता र पारष्परिक सद्भाव २. परम्परागत वाजा तथा खेलको अभ्यास ३. स्थानीय भाषा तथा लिपिको प्रयोग संरक्षण र संवर्धन |
| ४. | **कृषि र हाम्रो सम्भावना** (बिभिन्न अन्नबालीः गेडागुडी, कन्दमूल, | १.आफ्नो घरमा प्रयोगगरिने केहि अन्नबाली,गेडागुडी,फलफूल तरकारीको नाम । - घरपालुवाजनावर, पँक्षी | १. समय अनुसार रउत्पादन गर्न सकिने कृषि उपज २. घरपालुवापशुपंक्षी तथा वन्यजन्तुको | १.अन्न बालिको महत्व २.जनवार र पंक्षीमा फरक ३.सम्भावित कृषि | १.हाम्रो श्वास्थ्य र बिषादि रहितखाना । २. पशुपन्छी व्यवसायको | १.कृषि उत्पादन र यसको बजारीकरण २.रैथाने बालि लोपोन्मुख जनावर यसको संरक्षण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नगदेवाली,फलफूल तथा तरकारी, पशुपन्क्षी तथा वन्यजन्तु) | तथा जँगलीजनावरहरूको नाम । | बासस्थान | तथा पशुपन्छी व्यवसाय | सम्भावना र यसको महत्व। | संबर्धन र यसको महत्व। |
| ५. | **स्थानीय सिप,प्रविधि, उद्योग र रोजगारी** *(बेतबांस जन्य सामाग्री,पात,पराल र खोस्टा,बाबियो अम्लिसोजन्य,काठ तथाधातु जन्य,धागो, कपास र उन जन्य,छाला जन्य,माटोतथा ढुंगा जन्य,ल्पास्टिकतथा कागजजन्य)* | १. आफ्नो घरमा भएका स्थानीय सामग्रीबाट बनेका वस्तुहरूको नाम | १. स्थानीय स्तरमा निर्माण गर्न सकिने विविध सामग्री र यसको प्रयोग | १. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसाय<br>२. स्थानीय उत्पादन र महत्व | १. स्थानीय कच्चा पदार्थमा आधारीत उद्योग व्यवसाय र यसको महत्व<br>२. स्थानीय रैथाने सिपमा आधारित व्यवसाय र यसको महत्व | १.स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसायको प्रवर्धन र वजारीकरण<br>२.स्थानीय सिपमा आधारित प्रविधि विकास। |
| ६. | **(प्राकृतिक स्रोत र साधन)** *खोलानाला, पोखरी,झरना,बनजँगल, जडीबुटी र बन्यजन्तु,खानी, गुफा,ओढार,डाडा, गडी,टाँकुरा, चुली चुचुरा* | १.आफ्नो वरपर भएका खोलानाला बनजंगल जीवजन्तुको नाम | १.स्थानीय स्तरमा रहेका महत्वपूर्ण खोला-नाला, बनजंगल, वन्यजन्तु र डाँडा काँडाहरूको नाम | १. प्राकृतिक स्रोतसाधनको आवश्यकता र महत्व<br>२. संरक्षणका उपायको साथै हाम्रा कर्तव्यहरू | १. स्थानीय प्राकृतिक स्रोत साधन र हाम्रो सम्बन्ध<br>२. प्राकृत स्रोत साधनको ऐतिहासिक महत्व र यसको संरक्षण<br>३.प्राकृतिक असन्तुलनका असरहरू | १.प्राकृतिक स्रोतसाधनको पर्यावरणिय सन्तुलन र हाम्रो स्वास्थ्य<br>२.आफ्नो ठाउँ वरपर पाइने जैविकबिबिधता<br>३.प्राकृतिक स्रोतसाधन संरक्षणका प्रयासहरू र हाम्रो कर्तव्य |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | **पर्यटन** *(स्थानीय,धार्मिक, ऐतिहासिक तथा वातावरण) (मठ, मन्दिर तथामौलाहरू, ऐतिहासिकगुफात थागडी, डाँडा, टाकुरा, वनभोज स्थलतथाभ्यू प्वाईन्टहरू)* | १.आफ्नो वरपर भएका(मठमन्दिर तथामौलाहरू, ऐतिहासिकगुफात थागडी, डाँडा टाकुरा वनभोज स्थलतथाभ्यू प्वाईन्टहरूकोनाम | १.हाम्रा वरपर रहेका प्रमुख मठ मन्दिर<br>२.ऐतिहासिक गुफा तथा गढी एवं वनभोज स्थल तथा भ्यू प्वाइन्टहरू र यसको महत्व | १.गाउँपालिका भित्र रहेका पर्यटकीय महत्वका स्थानहरू यिनीहरूको महत्व संरक्षण र प्रवर्धन | १.स्थानीय पर्यटन प्रवर्धन विकास<br>२.पर्यटन विकासका लागि ऐतिहाँसिक सम्पदाको संरक्षण र विकास | १.पर्यटन तथा यसको महत्व<br>२.पर्यटकीय सम्पदाको संरक्षणमा हाम्रो भूमिका |
| ८. | **स्वास्थ्यतथाहाम्रो आचरणः** *(व्यक्तिगत सरसफाई, फोहर मैला व्यवस्थापन, स्वच्छ खानेपानी, शौचालय, स्वस्थकर खाना, आदर सम्मान, मायाममता, मेलमिलाप तथा आपसी सहयोग, सिष्ट तथा सभ्यबोली, लागुपदार्थ तथा दुर्व्यसनी, पारिवारिक जिम्मेवारी र उत्तरदायीत्व)* | १.व्यक्तिगत सरसफाइ र हाम्रो आचारण<br>२.स्वच्छ पिउने पानीखाना र फोहर व्यवस्थापन, आपसी मेलमिलाप | १.आफ्नो घर वरपर रहेका धारा कुवा शौचालय, बाटोको प्रयोग र सरसफाइ।<br>२.आपसि सद्भाव र शिष्टाचार<br>३. स्वस्थकर खाना र हाम्रो स्वास्थ्य | १.स्वास्थकर जीवनसैली र हाम्रो व्यवहार<br>२.आदर सत्कार र आपसी सद्भाव | १.हाम्रो स्वास्थ्यमा सन्तुलित भोजन र पोषणको महत्व<br>२..लागु ओषध र दुर्व्यसनी | १.वातावरणीय सरसफाई तथा यसको महत्व<br>२.सामाजिक मेलमिलाप तथा आपसी सहयोग,<br>३.लागु पदार्थ दुर्वयसनि र यसले पार्ने असर<br>४.पारिवारिक जिम्मेवारी र उत्तरदायित्व । |
| ९. | **विपद तथा जोखिम व्यवस्थापनः** *(बाढी पहिरो, हुरी बतास, आगलागी चट्याङ, , महामारी असिनाभुकम्प, पारिवारीकजिम्मेवारी र उत्तरदायीत्व)* | १.प्राकृतिक प्रकोप र यसका प्रकार | १.सम्भावित विपतका प्रकारहरू<br>२.बिपद तथा जोखिमबाट बच्ने उपायहरू | १ बिपद तथा जोखिमको परिचय<br>२हाम्रो घर र विद्यालयमा आउने विपद तथा यसबाट बच्ने उपाय | १.विपद तथा जोखिम बाट पर्न सक्ने असर<br>२. सम्भावित विपद तथा जोखिम पहिचान र सतर्कता | १.विपदको पूर्व संकेत र सतर्कता<br>२.भविष्यमा हुनसक्ने विपद तथा जोखिम पहिचान तथा व्यवस्थापन |

## १२. सिकाइउपलब्धि / विषयवस्तु विस्तृतिकरण

यस विषयमा कक्षागतरूपमा बालबालिकाहरूले हासिल गर्ने सिकाइ उपलब्धिलाई सक्षमताका रूपमा प्रस्तुत गरिएको छ। सिकाइ उपलब्धि/विषयवस्तुको विस्तृतीकरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**कक्षा १**

| क्षेत्र | सक्षमता/सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्यांकन प्रक्रिया |
|---|---|---|---|---|
| भौगोलिक स्थिति | - आफू बसेको ठाउँ,टोल वडाको नाम र ठेगाना भन्न<br>- आफ्नो वरपरकोबाटो तथा गोरेटो घोडेटो बाटो को नाम वताउन | -आफू बसेको ठाउँ,टोल र वडाको नाम र ठेगानाको लेखन तथा चित्र तथा नक्शा<br>- आफ्नो वरपरको बाटो तथा गोरेटो घोडेटो बाटोको नाम लेखन तथा चित्र तथा नक्शा | -विद्यार्थीलाई गाउँको नाम समूह तथा व्यक्तिगत रूपमा सोधेर भन्न लगाउने<br>- गाउँघरको आसपासमा भएका बाटो तथा सडकहरूको नाम भन्न लगाउने र समूहमा छलफल गराउने<br>- आफू बसेको वनोट भिरालो समथर अन्य नदी पहाड उच्च स्थान कस्तो छ, छलफल गर्ने।<br>- विद्यार्थीहरूलाई वास्तविकताको ज्ञान प्रदान गर्न कक्षा वाहीर लगी वरिपरिको भूभागको वनोट देखाउने | - आफू बसेको ठाउँको नाम भन्न लगाउने।<br>आफ्नो वरपरकोबाटो तथा गोरेटो घोडेटो बाटोको नाम भन्न लगाउने। |
| हाम्रो समाज र स्थानीय सरकार | -आफ्नो परिचय दिन<br>- घर परिवारका सदस्यको नाम भन्न।<br>-आफ्नो विद्यालय र गाउँपालिकाको नाम वताउन।<br>-आफ्नो साथीहरूको नाम भन्न। | - घर परिवारका सदस्यहरू तथा नातेदारहरूको नाम( आमा, बुबा, दाजु, भाइ आदि)<br>-आफ्ना साथी समूह, कक्षा कोठा, विद्यालय र गाउँपालिका | - प्रश्नहरू सोधी छलफल गराउने। जस्तै<br>तिम्रो नाम के हो?<br>तिम्री आमाको नाम के हो? आदि<br>-विद्यार्थीहरूलाई बोर्डमा लेखेर भन्न लगाउने।<br>-आफ्ना सबै परिवारका सदस्य तथा साथीहरूको नाम भन्न लगाउने।<br>विद्यालय र गाउँपालिकाको नाम भन्न लगाउने र छलफल गराउने। | -प्रश्न सोध्ने।<br>जस्तै, तिम्रो नाम के हो ?<br>-परिवारका सदस्यहरूको नाम भन्न लगाउने।<br>विद्यालय र गाउँपालिकाको नाम भन्न लगाउने। |
| हाम्रो सँस्कृति,भाषा र खेलकुद | -मुख्य चाड,पर्व,मठ,मन्दिको नाम बताउन। -बोलिचालिको भाषा, स्थानीयवाजाको नाम | -मुख्य चाडपर्व (दशैं, तिहार आदि),थानीय मठ,मन्दिको नाम -बोलिचालिको भाषा,(नेपाली, मगरी, | - प्रश्नहरू सोधि छलफल गराउने। जस्तै<br>तिम्रो परिवारमा मनाइने मुख्य चाड को नाम के हो?<br>तिम्रो घरमा बोलिने भाषाको नाम के | प्रश्न सोध्ने।<br>जस्तै, तिमीलाइ मनपर्ने चाडपर्वको नाम भन र तिम्रो घर नजिकको मन्दीरको नाम के हो |

| | | | | |
|---|---|---|---|---|
| | भन्न।<br>स्थानीय खेलकुदको नाम भन्न। | नेवारी आदि) स्थानीय वाजाको नाम (दमाहा, सनाइ, मादल, मजुरा आदि)<br>स्थानीय खेलहरूको नाम (जस्तै कवडि, भलिबल, गट्टा, गुच्चा आदि) | हो?<br>तिमीले देखेका बाजाहरूको नाम भन। आदि<br>-विद्यार्थीहरूलाई बोर्डमा लेखेर सबै विद्यार्थीहरूलाई पालैपालो भन्न लगाउने ।<br>- थाहा भएका बाजाहरूको चित्र बनाउन लगाउने र स्थानीय खेलहरूको नाम भन्न लगाउने।<br>सम्भव भएसम्म वाजाहरूको अवलोकन गराउने तथा चार्ट बाट प्रष्ट पार्ने। | तिम्रो घरमा बोलिने भाषाको नाम के हो?<br>थाहा भएका बाजाको नाम भन?<br>वाजाहरूको चित्र बनाउन लगाउने ।<br>तिमीले जानेका खेलहरूको नाम भन। |
| कृषि र हाम्रो सम्भावना | – आफ्रनो घरमा प्रयोग गरिने केहि अन्नबाली, ,फलफूल तथा तरकारीको नाम बताउन ।<br>–घरपालुवा जनावर, पँक्षी र केही जँगली जनावरको नाम बताउन। | जस्तै धान,मकै,गहु, कोदो, सिल्टुङ,भटमास आप,सुन्तला, कागति,काउली, बँन्दा, रायो साग आदिको नाम ।<br>घरपालुवा जनावर जस्तैः गाई,भैंसी,भेडा,बाख्रा,बँगुर हाँस,कुखुरा,परेवा को नाम ।<br>जँगली जनावर जस्तैः बाघ,भालु,बाँदर,दुम्सी,कालिज ढुकुर,सुगा,गिद्ध आदिको नाम । | बिद्यार्थीहरूलाई उनिहरूले खाने खाना, फलफूल,तरकारी को नाम सोधि भन्न लगाउने।<br>शिक्षकले बिद्यार्थीहरूलाइ उक्त बस्तुहरूको नमुना देखाउने र आवश्यकता अनुसार स्थलगत भ्रमण गराउने।<br>–बिद्यार्थीहरूलाई आ-आफ्नोघरमा भएका पशु पँक्षीको नाम भन्न लगाउने ।<br>स्थानीय रूपमा नपाइने जनावर पँक्षीको चार्ट देखाई नाम सोध्ने ।<br>कुनकुन घरपालुवा र जँगली हो भनी सोध्ने,अनि प्रस्ट पारिदिने । | अन्नबालि, फलफूल, तरकारी,गेडागुडीको चित्र देखाई एकएक गरेर प्रश्न सोध्ने।<br>उक्त बस्तुहरूको नमुना देखाई चिन्न लगाउने ।<br>जोडा बनाई चिन्न लगाउने<br>जनावर, पशुपंक्षी भएको चार्ट देखाई नाम,घरपालुवा तथा जँगली कुन कुन हो भनि छुट्याउन लनाउने। |
| स्थानीय सिप,प्रविधि, उद्योग र रोजगारी | आफ्नो घरमा प्रयोग गरिने सामानहरूको नाम बताउन । | आफ्नो घरमा प्रयोग गरिने सामानहरू जस्तैः कुटो,कोदालो,हँसिया,डोको, नाम्लो,टोकरी,कुचो,चकटी, ठेउको,सुकुल,गुन्द्रो,कुर्चि,टेबुल,कापी,पेन्सील,कपडा स्विटर छालाका ज्याकेट,पेटी,टाँक, लोहोरो आदि । | विद्यार्थीलाई आफ्नोघरमा प्रयोग गरिने सामान हरूको नाम पालैपालो सोधी भन्न लगाउने,<br>सामानहरूको चार्ट देखाइ प्रश्न गर्ने।<br>नमुनासमेत देखाई प्रस्ट पार्ने। | चार्ट र नमुनाको प्रयोग गरी प्रश्न गर्ने।<br>चित्र र सामानको नाम बिच जोडा मिलाउन लगाउने।<br>चित्र देखाइ सोको नाम भन्न लगाउने। |

| | | | | |
|---|---|---|---|---|
| प्राकृतिक स्रोत र साधन | आफ्नो घरवरपर भएका प्राकृतिक स्रोत साधनको नाम वताउन। | आफ्नो घर,विद्यालय वरपर रहेका प्राकृतिक स्रोत साधन जस्तैःखोला नाला, बनजँगल, माटो, खानी, कुवा पोखरी, झरना,डाडा, काडा, पहाड आदि । | चार्ट प्रयोग गरी प्राकृतिक स्रोत साधन सँग सम्बन्धित शब्दहरू सिकाउने । आफ्नो घर र बिद्यालय वर पर पाइने विभिन्न स्रोत सम्पदाको नाम भन्न लगाई सेतोपाटीमा लेख्ने। | चार्टमा देखाइएका चित्रहेरी तिनको नाम भन्न लगाउने। तिम्रो घर बिद्यालय वरपर पाइने केही प्राकृतिक स्रोत साधनको नाम भन । |
| पर्यटन | आफ्नो वरपर भएका मठमन्दिर तथा मौलो ऐतिहासिक गुफा गढी डाँडा टाकुरा वनभोज स्थल भ्यू प्वाईन्टहरू आदिको नाम भन्न। | वरपर भएका मठमन्दीर तथा मौलाहरू, ऐतिहासिक गुफा, गढी, डाँडा, टाकुरा, वनभोज स्थल, भ्यू प्वाईन्ट आदि | चित्र छलफलबाट मठमन्दिर तथा मौलो ऐतिहासिक गुफा तथा गढी, डाँडा टाकुरा, वनभोज स्थल तथा भ्यू प्वाइन्टहरूको बारेमा बताई स्थलगत अवलोकन भ्रमण गराउने । | आफ्नो घरवरपर भएकोमन्दिरको नाम भन। मौलो भनेको के हो? तिम्रो घर वरपर रहेका कुनै एक पर्यटकिय स्थलको नाम भन। |
| स्वास्थ्य तथा हाम्रो आचरणः | व्यक्तिगत सरसफाइ र असल आचरण एवं स्वच्छ पिउने पानी खाना र फोहर व्यवस्थापन आपसी मेलमिलाप बारे भन्न। | व्यक्तिगत सरसफाइ, राम्रा बानी व्यवहारहरू, स्वच्छ पिउने पानी खाना र फोहर मैला व्यवस्थापन तथा मेलमिलाप सहयोग । | चित्र छलफलबाट व्यक्तिगत सरसफाई बारे बुझाउने । असल आचरण एवं आपसी मेलमिलाप बारे छलफल गर्ने । स्वच्छ पानी खाना र फोहर मैला व्यवस्थापन सम्बन्धी जानकारी गराउने । कक्षा कोठा भित्र फोहर मैला व्यवस्थापनको क्रियाकलाप गराउने। | व्यक्तिगत सरसफाइमा के के पर्दछन? असल आचरण भित्र कस्तो बानी व्यवहारहरू पर्दछन? कस्तो खाना खानु हुँदैन? तिमी आफ्ना साथीहरूसंग कसरी बस्नु पर्छ ? |
| विपदतथा जोखिमव्यव स्थापनः | प्राकृतिक प्रकोप र यसका प्रकार भन्न । | प्राकृतिक प्रकोप र यसका प्रकार जस्तै वाढी पहिरो,हुरी वतास, आगलागी, चटयाङ, असिना आदि । | विद्यार्थीलाइ प्रश्नोत्तर छलफल स्रव्यदृश्य सामग्रीको प्रयोग तथा स्थलगत अवलोकन भ्रमणको माध्ययमबाट वाढी पहिरो,हुरी वतास, आगलागी,चटयाङ,असिना आदिको बारेमा बुझाउने ।. | प्राकृतिक प्रकोप के के हुन भन्न लगाउने। |

कक्षा २

| क्षेत्र | सक्षमता/सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्यांकन प्रक्रिया |
|---|---|---|---|---|
| भौगोलिक स्थिति | -आफ्नो ठाउँको धरातलीयअवस्थाको वारेमा भन्न।<br>-आफ्नो गाउँसंग जोडिएका मुख्य | -आफ्नो ठाउँको धरातलीयअवस्था (हिमाल, पहाड, हावापानी आदि)।<br>- आफ्नो गाउँसंग जोडिएका मुख्य बाटाहरू र | -भूवनोटका आधारमा भिरालो, लेक तथा समथरको परिभाषा स्वरूप वताउँदै छलफल गराउने।<br>-गाउँपालिकाको स्वरूप झल्कने किसिमका चित्रहरू प्रस्तुत गरी | - गाउँपालिकाको नक्शा देखाई धरातलीय अवस्था भन्न लगाउने।<br>-गाउंसंग जोडिएका मुख्य बाटाहरूको नाम भन्न |

| | | | | |
|---|---|---|---|---|
| | बाटाहरूको नाम भन्न। | स्थानीय बाटाको नाम। | छलफल गर्ने।<br>- नक्शा अनुसार गाउँपालिका भित्र रहेका खोला, बनजंगल तथा बाटोको बारेमा जानकारी गराउने। | लगाउने। |
| हाम्रो समाज र स्थानीय सरकार | -आफ्नो छरछिमेकको नाम वताउन।<br>- समूहमा मिलेर काम गर्ने तरिका वताउन।<br>- आफ्ना नाता तथा साइनो सम्बन्धहरूको वारेमा वताउन।<br>आफ्नो गाउँपालिका र वडाको नाम वताउन। | - आफू र आफ्ना छरछिमेकी, घरपरिवार<br>-हाम्रो नाता सम्बन्ध तथा साइनोको जानकारी<br>विद्यालय, गाउँपालिका र वडाको नाम | - विद्यार्थीहरूलाई परिवार तथा नाता सम्बन्ध दर्शाउने चित्र देखाइ छलफल गराउने।<br>- आफ्ना नजिकका छिमेकी संगको नाता सम्बन्धको वारेमा प्रश्न सोध्ने। नाता सम्बन्धको अभिनय गर्न लगाउने<br>- साथी समूह बनाई काम गर्न लगाउने।( चित्र देखाई समूहिक छलफलबाट जवाफ दिन लगाउने)<br>आफ्नो विद्यालय रहेको गाउँपालिका र वडाको नाम भन्न लगाउने। | तिम्रो छिमेकमा वस्ने मानिसहरूको नाम वताउ।<br>तिम्रो छिमेकमा वस्ने मानिसहरू संग तिम्रो के कस्तो नाता सम्बन्ध र साइनो छ ?<br>तिम्रो समुदायमा समूहमा मिलेर गरिने काम भन?<br>तिम्रो विद्यालय रहेको गाउँपालिका र वडाको नाम भन। |
| हाम्रो सँस्कृति,भाषा र खेलकुद | -स्थानीय चाडपर्वहरूको नाम वताउन ।<br>-स्थानीय परम्परागत भाषाको नाम र गीतहरू गाउन र भन्न।<br>स्थानीय खेलहरूको नामको सूची वनाउन। | - आफ्नो समुदायमा भएका मुख्य चाडपर्वको जस्तै दशै तिहार फागु आदिको जानकारी<br>- स्थानीय परम्परागत भाषाको नाम जस्तै नेवारी, मगरी, नेपाली आदि र गीत जस्तै सदावाहर भ्याउरे, सोरठी आदि गाउन र भन्न स्थानीय खेल जस्तै डण्डीवियो भकुण्डो | - विद्यार्थीलाई आफूले जानेका चाडपर्वको बारेमा भन्न लगाउने र छलफल गराउने।<br>-विद्यार्थीले जानेका आफ्ना समुदाय स्तरमा भएका चाडपर्वको नाम भन्न लगाउने र ती चाडपर्वको अवसरमा गरिने विभिन्न क्रियाकलापको सूची वनाउने।<br>- कक्षा कोठामा भएका सबै विद्यार्थीलाई आ-आफ्नो भाषा र जानेको एउटा गीत गाउन लगाउने।<br>- स्थानीय भाषा तथा गीतको चार्टमा सूची बनाई कक्षा कोठामा टाँस्न लगाउने।<br>स्थानीय खेलको नाम भन्न लगाइ सूची तयार गर्न लाउने<br>विद्यार्थीको समूह विभाजन गरी विभिन्न गीत गाउन र खेल खेल्न लगाउने। | - तिम्रो परिवारमा मनाइने चाडपर्वहरू के के हुन?<br>-तिम्रो परिवार र छरछिमेकमा बोलिने भाषा के के छन?<br>- तिम्रो परिवार र छरछिमेकमा गाइने गीत के के छन ? कुनै एउटा गीत गाउ।<br>तिम्रो घरवरपर खेलिने कुनै तीन खेलको नाम लेख। |
| कृषि र हाम्रो | १. समय | समय अनुसार पाइने अन्नबाली, | चित्र र शब्द पत्तीको प्रयोग गर्ने, जोडा मिलाउने,बिषयबस्तुको | चार्ट र शब्द पत्तीको प्रयोग गरी प्रश्न गर्ने। |

| | | | | |
|---|---|---|---|---|
| सम्भावना | अनुसारउत्पादन गर्न सकिने कृषि उपजको नाम वताउन।<br><br>२. घरपालुवापशुपंक्षी तथा वन्यजन्तुकोवस्ने ठाउँको वारेमा वताउन। | फलफूल,तरकारीको आदि<br><br>घरपालुवा जनावर जस्तैः भैसी, बाख्रा,बँगुर,कुखुरा, परेवाः<br>जँगली जस्तैःबाघ,भालु हरिण, मृग,बाँदर,कालिज, ढुकुर आदि।<br>यिनीहरूको बासस्थान आदि। | नाम भन्न लगाई दिद्यार्थी बिच छलफल गर्ने।<br>आबश्यक परे खेतवारी,करेसाबारी, चिडिया<br>खाना(पशुपँक्षी भएको ठाउँ)<br>को भ्रमण गराउने। | अन्नबाली, फलफूल, तरकारी पशु पँक्षीको जोडा मिलाउने प्रश्न गर्न लगाउने । |
| स्थानीय सिप,प्रविधि, उद्योग र रोजगारी | स्थानीय स्तरमा निर्माण गर्नसकिने सामानहरू वताउन .<br>हाम्रो स्थानीय प्रविधिको प्रयोग वताउन. | स्थनिय स्तरमा निर्माण गर्न सकिने सामानहरू जस्तैःधान कुट्ने ढिकी, दाल तथा मकै दल्ने जाँतो,डोरा,नाम्ला बुन्ने आदि र यसको प्रयोग। | आफ्नो घरमा प्रयोग गरिने सामानको नाम र प्रयोग बारे प्रश्न गर्ने, चार्टको प्रयोग गरी छलफल गर्ने।<br>आवश्यकता अनुसार अवलोकन भ्रमण गराउने। | प्रश्न गर्ने,स्थानीय सामानको नाम र काम बिच जोडा मिलाउन लगाउने।<br>प्रश्न गर्ने जस्तैःडोरी के बाट बन्दछ।<br>शब्द र चित्रको जोडा मिलाउने। |
| प्राकृतिक स्रोत र साधन | स्थानीय स्तरमा रहेका प्राकृतिक स्रोतसाधनलाइ पहिचान गरी नाम बताउन । | स्थानीय स्तरमा रहेका प्राकृतिक स्रोतसाधन जस्तै<br>खोलानाला,पोखरी,झरना,बन जँगल, जडीबुटी र बन्यजन्तु,खानी, गुफा, ओढार,डाडा, गडी,टाकुरा, चुली चुचुरा। | शब्दपत्ति र चार्टको माध्यमबाट प्राकृतिक स्रोतसाधन सँग सम्बल्धित शब्दाबली छलफलगरी सिकाउने।<br>बिद्यार्थीहरूलाई स्थानीय तहमा रहेका प्राकृतिक स्रोतसाधनहरूको अबलोकन गराई पहिचान गर्न लगाउने। | शब्दपत्ति र चार्टको सहयोगबाट पालैपालो प्रश्न गर्ने।<br>तिम्रो घर वा बिद्यालय वरपर पाइने ४ प्राकृतिक स्रोतसाधनको नाम बता। |
| पर्यटन | हाम्रा वरपर रहेका प्रमुख मठ मन्दिर, ऐतिहासिक गुफा तथा गढी एवं वनभोज स्थल, भ्यू प्वाइन्ट र यसको महत्व वताउन । | आफ्ना वरपरका मठ मन्दिर तथा मौला, ऐतिहासिक गुफा तथा गढी, डाँडा, टाकुरा, वनभोज स्थल तथा भ्यू प्वाईन्ट आदि । | वरपर रहेका मठ मन्दिर तथा मौलो, ऐतिहासिक गुफा तथा गढी, डाँडा, टाकुरा, वनभोज स्थल तथा भ्यू प्वाईन्टका सूची तयार गर्नलगाउने र छलफल गराउने<br>सम्बन्धित ठाउँको स्थलगत अवलोकन गराउर्ने र तिनीहरूका ऐतिहासिक महत्व बारेमा जानकारी दिने । | हाम्रो वरपरका प्रमुख पर्यटकीय स्थलहरूको सूची तयार गर।<br>पर्यटकिय स्थलहरूको महत्व वताउ। |
| स्वास्थ्य तथा हाम्रो | १.धारा, कुवा, शौचालयको प्रयोग तथा | १.धारा, कुवा, शौचालयको प्रयोग तथा सरसफाई | प्रश्नको माध्यम बाट सम्बन्धित विषयवस्तुको वारेमा छलफल गराउने | धारा, कुवा, शौचालयको सरसफाइ किन गर्नु पर्दछ |

| | | | | |
|---|---|---|---|---|
| आचरणः | सरसफाइको वारेमा वताउन २. आपसि सद्भाव एवं शिष्टाचार अनुशरण गर्न | २. आपसी सद्भाव एवं शिष्टाचार ३. हाम्रो स्वास्थ्य र स्वस्थकर खाना । | चित्र तथा कथाको माध्ययमबाट हाम्रो दैनिक जिवनमा प्रयोग हुने धारा, कुवा, शौचालयको प्रयोग र सरसफाइको महत्व बुझाउने । एक आपसमा मिलेर बस्ने बानी, शिष्ट तथा सभ्य बोली र सामाजिक सद्भभाव बारेमा बुझाउने । स्वास्थ्यको लागि स्वस्थकर खानाको महत्व बारेमा जानकारी गराउने । आवश्यकता अनुसार स्थलगत अवलोकन भ्रमण गराउने । | भन्न लगाउने । आपसी सद्भाव एवं शिष्टाचार भित्र कस्तो बानी पर्दछ भन्न लगाउने । स्वस्थकर खानाको महत्व भन्न लगाउने । |
| विपदतथा जोखिमव्य वस्थापनः | सम्भावित विपदका प्रकार र यसबाट बच्ने उपायको बारेमा भन्न । | विपदका प्रकारहरू जस्तै वाढी पहिरो, हुरी वतास, आगलागी, चट्याङ, असिना, भुकम्प जस्ता प्रकोप बाट बच्ने उपायहरू । | चित्र तथा शब्द पत्तीको माध्यमबाट विपदका प्रकारहरूबारेमा छलफल गराउने र विपतका कारण क्षतिभएका स्थानहरूको स्थलगत अवलोकन गराइ यसबाट बच्ने उपायहरूका बारेमा जानकरी गराउने। | बिपदका प्रकार र यसबाट बच्ने उपयबारेमा भन्न लगाउने । |

कक्षा ३

| क्षेत्र | सक्षमता/सिकाइ उपलब्धि | विषयबस्तुको बिस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्यांकन प्रक्रिया |
|---|---|---|---|---|
| भौगोलिक स्थिति | -आफ्नो गाउँपालिकाको धरातलीय स्थिति, परिवार र गाउँको जनसंख्या वताउने। -प्रमुख स्थानीय वाटाको नाम र दूरी भन्न। - आफ्नो गाउँको नक्शा बनाउन। | -गापाको धरातल देखाउने नक्शा तथा परिवारका सदस्यहरूको जानकारी र गाउँको जनसंख्या सहितको विवरण । - गापाको नक्शामा आफ्ना स्थानीय वाटाहरूको नाम र ती वाटाको दूरी सहितको जानकारी। - गापाको नक्शा हेरी आफ्नो गाउँको नक्शा छुट्याउन र गाउँको नक्शा तयार गर्न। | - प्रत्येक विद्यार्थीको परिवारमा भएका सदस्यहरूको संख्या सोध्ने तथा भन्न लगाई आपसमा छलफल गराउने। - गाउँपालिकाको नक्शा देखाई धरातलीय स्वरूप,त्यसमा पर्ने स्थानीय बाटो तथा दूरी र जनसंख्याको बारेमा जानकारी गराउने। - विद्यार्थीको आफ्नो परिवार तथा गाउँको जनसंख्या वारेमा स्पष्ट पार्ने। -गापाको नक्शा हेरी आफ्नो गाउँको नक्शा बनाउन लगाउने। | -तिम्रो परिवारमा कति जना सदस्य हुनु हुन्छ? - तिम्रो गाउँको जम्मा जनसंख्या कति छ? - तिम्रो ठाउँमा भएका प्रमुख स्थानीय बाटाहरू कुन कुन हुन ? ती बाटाहरूको दूरी पनि लेख। - आफ्नो गाउँको नक्शा बनाई मुख्य मुख्य ठाउँहरू नक्शामा देखाऊ। |
| हाम्रो समाज र स्थानीय | -आफ्नो गाउँकोपरिचय दिन। - समुदायको | - गाउँपालिकाको नक्शा अनुसार आफ्नो गाउँको वारेमा जनसंख्या भाषाभाषि | - विद्यार्थीहरूलाई आफ्नो गाउँ टोल वडा र गाउँपालिकाको वारेमा प्रश्न सोधि छलफल गराइ स्पष्ट पार्ने। | -तिम्रो गाउँको परिचय देऊ? - तिम्रो गाउँमा हुनेगरेका |

| | | | | |
|---|---|---|---|---|
| सरकार | आवश्यकता र महत्व वताउन।<br>आफ्नो गाउँपालिकाको नाम र गापाका वडा संख्या वताउन | रहनसहन आदिको जानकारी।<br>- गाउँमा समुदायको आवश्यकता र महत्वको जस्तै वाटोघाटो धारा पानी कुवा स्कूल बनाउन आदि जानकारी।<br>गाउँपालिकाको नाम र गापाका वडा संख्या | - समुदाय स्तरमा गरिने कामको वारेमा भन्न लगाउने तथा त्यस्ता कामहरूको सूची वनाउन लगाउने र आपसमा छलफल गर्न लगाउने। त्यसलाइ स्पष्ट पार्न केही श्रब्यदृश्यसामाग्री देखाउने।<br>- समुदाय स्तरमा गरिने सामूहिक कामको स्थलगत अवलोकन गराउने। समुदायको आवश्यकता र महत्व वारेमा छलफल गराउने र स्पष्ट पार्ने। ( यसका लागि आवश्यक सन्दर्भ सामग्रीहरू जस्तै चार्ट तथा सम्बन्धित श्रब्य दृश्य सामग्री)<br>शिक्षकले विद्यार्थीलाइ सामूहिक कार्यको क्रियाकलाप गराउने।<br>गाउँपालिकाको नाम र गापाका वडा संख्याको वारेमा छलफल गराउने र भन्न लगाइ स्पष्ट पार्ने। | सामूहिक कामको सूची तयार गर।<br><br>- विद्यार्थीलाई समुदायको महत्वको वारेमा सूची तयार पार्न लगाउने।<br>तिमी बसेको गाउँपालिकाको नाम र  वडा संख्या भन्न लगाउने। |
